## पाठ ९

१. के परमेश्वरले स्वर्ग र पृथ्वीको सृष्टि पूरा गरिसक्नुभएको थियो ।

- हो ।

२. आफूले पूरा गरेको काम किन परमेश्वरले पूरा गरेरै छोड्नुहुन्छ ?

- किनभने परमेश्वर कहिल्यै फेरिनुहुन्न ।
- किनभने परमेश्वरलाई उहाँको काम पूरा गर्न कुनै कुराले छेक्न सक्दैन ।

३. जब परमेशरले काम सुरू गर्नुहुन्छ तब शैतान वा उसका सहयोगी शैतानहरूले उहाँको काम रोक्न सक्छन् ?

- अहँ ।

४. सातौं दिन परमेश्वरले किन विश्राम लिनुभयो ?

- किनभने परमेश्वरले आफूले योजना गरेको सृष्टिको सबै काम पूरा गर्नभएको थियो ।

५.परमेश्वरले कति दिनमा सबै थोक सृष्टि गरिसक्नुभयो ?

- केवल छ दिनमा ।

६.जब त्यहाँ वर्षा हुँदैनथ्यो भने परमेश्वरले कसरी पृथ्वीमा पानीले भर्नुभयो ?

- परमेश्वरले जमिनबाट निस्किने हुस्सुले पृथ्वीलाई पानीले भर्नुभयो ।

७.परमेश्वरले लगाउनुभएको बगैंचाको नाम के थियो ?

- अदनको बगैँचा ।

८. कसको निम्ति परमेश्वरले त्यो बगैँचा लगाउनुभएको थियो ?
- आदमको निम्ति ।
९. आदमको निम्ति परमेश्वरले किन बगैँचा लगाउनुभयो ?
- किनभने परमेश्वरले आदमलाई धेरै प्रेम गर्नुहुन्थ्यो ।

१०. परमेश्वरले किन आदमलाई म तँलाई बगैँचामा राख्नसक्छु कि भनी सोध्नुभएन ?
- किनभने आदमलाई परमेश्वरले बनाउनुभएको हो, आदम परमेश्वरको अधीनमा थिए ।
११. किनभने सबै मानिसलाई परमेश्वरले बनाउनुभएको हो, तिनीहरू कसको अधीनमा हुनुपर्छ ?
- सबै मानिसहरू परमेश्वरको अधीनमा हुनुपर्छ ।

१२. परमेश्वरले अदनको बगैँचाको मध्य भागमा लगाउनुभएको पहिलो रूखको नाउँ के थियो ?
- जीवनको रूख ।

१३. परमेश्वरले किन अदनको बगैँचाको मध्य भागमा जीवनको रूख लगाउनुभएको थियो ?
- आदमले त्यस् रूखको फल खाऊन् र अजम्बरी बनून् भन्ने परमेश्वर चाहनुहुन्थ्यो ।

१४. परमेश्वरले अदनको बगैँचाको मध्य भागमा लगाउनुभएको दोस्रो रूखको नाम के थियो ?

- असल र खराबको ज्ञान दिने रूख ।

१५. असल र खराबको ज्ञान दिने रूखको बारेमा भने परमेश्वरले आदमलाई एउटा आज्ञा दिनुभयो ।

- परमेश्वरले आदमलाई त्यस रूखको फल नखानू भन्ने आज्ञा दिनुभयो ।

१६. यदि आदमले असल र खराबको ज्ञान दिने रूखको फल खान्थे भने तिनलाई के हुन्थ्यो ?

- तिनी मर्ने थिए ।

१७. मृत्यु के हो ?

- परमेश्वरबाट अलग हुनु जसले जीवन दिनुभयो ।
- शरीरबाट आत्मा अलग हुनु ।
- आत्मिक आगोको दहमा सधैँभरिलाई पर्नु ।

- आदमलाई सृष्टि गरिसकेपछि परमेश्वरले के भन्नुभयो आउनुस् पढौं ।

आउनुस् उत्पत्ति २:१८ पद पढौं ।

18 तब फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिसको लागि एक्लो बस्नु राम्रो होइन। म उसको लागि एकजना सहयोगी बनाउनेछु जो ऊ जस्तै नै हुनेछे।"

- आदमले एक्लो रहनु ठीक छैन भन्ने परमेश्वरले निर्णय गर्नुभयो ।

- परमेश्वरले आदमको निम्ति एउटी स्वास्नी बनाउने निर्णय गर्नुभयो ।

- परमेश्वरले आदम के चाहन्छन् भनेर सोध्नु भएन ।

- परमेश्वर एक्लैले आदमको निम्ति एउटी स्वास्नी सृष्टि गर्ने निर्णय गर्नुभयो ।

- आदमको निम्ति एउटी स्वास्नी सृष्टि गर्ने निर्णय परमेश्वरले किन गर्नुभयो ?

- किनभने परमेश्वरले आदमलाई धेरै प्रेम गर्नुहुन्थ्यो ।

- किनभने परमेश्वर आदम एक्लै रहेको चाहनुहुन्नथ्यो ।

आउनुस् उत्पत्ति २:१९-२०क पढौं ।

19 यसर्थ परमप्रभु परमेश्वरले जमीनका सबै पशुहरू र आकाशमा चरा-
चुरूङ्गीहरू सृष्टि गरी तिनीहरूको के-के नाउँ राख्दा रहेछन् भनी मानिसकहाँ
पठाउनु भयो। अनि मानिसले तिनीहरूलाई जे भने तिनीहरूको त्यही नाउँ
रह्यो। 
20 अनि मानिसले पाल्तू गाई-वस्तु, आकाशमा उड्ने चरा-चुरुङ्गीहरू र
जङ्गली जनावरहरूको नाउँ राख्यो।

- आदिमा परमेश्वरले आदमलाई पृथ्वीमा भएका सबै थोकको मालिक बनाउनुभयो ।

- आदिमा परमेश्वरले आदमलाई सबै जनावरहरूको पनि मालिक बनाउनुभयो ।

- परमेश्वरले आदमलाई सबै जनावरहरूको नाउँ राख्न भन्नुभयो ।

- त्यसैले आदमलै सबै जनावरहरूको नाउँ राखे ।

- तर अझै पनि आदम पृथ्वीमा एक्लो मानिस थिए ।

आउनुस् उत्पत्ति २:२०ख पढौं ।

तर मानिसको निम्ति कुनै सहयोगी साथी पाएन।

- के परमेश्वरले मानिस र जनावरहरूलाई एकै किसिमले सृष्टि गर्नुभयो ?
- अहँ ।

- परमेश्वरले मानिस र जनावरहरूलाई कुन फरक तरिकाले सृष्टि गर्नुभयो ?

- परमेश्वरले जनावरहरूलाई उहाँको स्वरूपमा सृष्टि गर्नुभएन ।

- परमेश्वरले मानिसलाई मात्रै उहाँको स्वरूपमा सृष्टि गर्नुभयो ।

- मानिसहरूले परमेश्वरलाई चिन्न सक्छन् तर जनावरहरूले सक्दैनन् ।
- मानिसहरूले परमेश्वरलाई प्रेम गर्न सक्छन् तर जनावरहरूले सक्दैनन् ।
- मानिसहरूले परमेश्वरलाई छान्न सक्छन् तर जनावरहरूले सक्दैनन् ।

- यदि आदमले केही कुरा सोचिरहेका हुन्थे भने उनले जनावरहरूलाई आफूसँगै सोच भन्न सक्थे ?

- अहँ ।

- यदि आदम खुशी वा दुखी हुन्थे भने उनले जनावरहरूलाई आफूसँगै खुशी वा दुखी होऊ भन्न सक्थे ?
- अहँ ।

- यदि आदमले केही कुरा गर्ने भनी छान्थे भने उनले जनावरहरूलाई आफूसँगै तिनीहरूले पनि त्यो कुरा गर्न भनी छान्न सक्छन् की भनी भन्न सक्थे ?
- अँह ।

- के जनावरहरू आदमका उपयुक्त सहयात्री थिए ?
- अँह ।

- आदमलाई उपयुक्त सहयात्रीको खाँचो थियो जससँग तिनी कुराकानी गर्न सकून् ।

- किनभने परमेश्वरले आदमलाई प्रेम गर्नुभयो, परमेश्वरले आदमको निम्ति एउटी स्वास्नी सृष्टि गर्ने निर्णय गर्नुभयो ।

- के आदम आफै एउटी स्वास्नी सृष्टि गर्न सक्षम थिए ?
- अँह ।

- के शैतान र उसका सहयोगी शैतानहरू एउटी स्वास्नी सृष्टि गर्न सक्षम थिए ?
- अहँ ।

- को मात्रै आदमको निम्ति एउटी स्वास्नी सृष्टि गर्न सक्षाम हुनुहुन्थ्यो ?
- परमेश्वर ।

- एकदिन परमेश्वरले आदमको निम्ति एउटी स्वास्नी सृष्टि गर्नुभयो ।

आउनुस् उत्पत्ति २:२१-२२ पद पढौं ।

[21] त्यसपछि परमप्रभु परमेश्वरले मानिसलाई गहिरो निंद्रामा सुताउनु भयो। जब त्यो मानिस गहिरो निंद्रामा पर्यो उहाँले एउटा करङ्ग त्यस मानिसबाट निकाल्नु भयो तब परमेश्वरले करङ्ग निकालेको ठाउँमा मासुले पुरिदिनुभयो। [22] त्यस मानिसबाट निकालिएको करङ्गबाट उहाँले एउटी स्त्री मानिस सृष्टि गरी तिनलाई त्यस मानिस कहाँ ल्याउनु भयो।

- केवल परमेश्वर मात्रै आदमको निम्ति एउटी स्वास्नी सृष्टि गर्न सक्षम हुनुहुन्थ्यो ।

- परमेश्वरको शक्ति कहिल्यै सकिँदैन ।
- परमेश्वरले गर्न नसक्ने कुनै कुरा छैन ।

- परमेश्वरले पहिलो महिला सृष्टि गर्नुभयो र तिनलाई आदमलाई उपहारको रूपमा दिनुभयो ।

- यदि कसैले तपाईंलाई ठूलो उपहार दिन्थ्यो भने तपाईं यसको असल तरिकाले हेरचाह गर्नुहुन्थ्यो ?
- अँ, गर्थें ।

- यदि कसैले तपाईंलाई एउटा गाई दिन्थ्यो भने तपाईं त्यसको असल तरिकाले हेरचाह गर्नुहुन्थ्यो ?
- अँ, गर्थें ।

- यदि कसैले तपाईंलाई एउटा कार दिन्थ्यो भने तपाईं त्यसको असल तरिकाले हेरचाह गर्नुहुन्थ्यो ?
- अँ गर्थें ।
- परमेश्वरले पहिलो महिला सृष्टि गर्नुभयो र तिनलाई आदमलाई उपहारको रूपमा दिनुभयो ।

- परमेश्वरले आदमले तिनकी स्वास्नीको असल तरिकाले हेरचाह गरेको चाहनुभयो ।
- परमेश्वरले आदमले तिनकी स्वास्नीलाई धेरै प्रेम गरेको चाहनुभयो ।

- जब परमेश्वरले आदमलाई तिनकी स्वास्नी दिनुभयो तिनले के भने भन्ने कुरा आउनुस् पढौं ।

आउनुस् उत्पत्ति २:२३-२४ पद पढौं ।

23 तब त्यस मानिसले भने, "आखिरमा म जस्तै अर्को एउटा
व्यक्ति उसको हड्डी मेरो हड्डी बाट आयो, अनि उसको शरीर मेरो
शरीरबाट आयो । किनभने तिनी एउटा मानिसबाट निकालिएकी
हुनाले म तिनलाई 'स्त्री मानिस' भन्नेछु।"

24 यसकारण, एकजना मानिसले आफ्नो आमा-बाबुलाई छोडेर आफ्नी
पत्नीसित सम्बन्ध राख्छ। यसरी दुइजना मानिसहरू एउटै बनिन्छन्।

- परमेश्वरले मानिसको लागि स्वास्नीमानिस बनाउनुभयो ताकि तिनीहरूले विवाह गर्न सकून् ।
- परमेश्वरले मानिसको लागि स्वास्नीमानिस बनाउनुभयो ताकि तिनीहरू सँगै बसून् ।
- परमेश्वरले मानिसको लागि स्वास्नीमानिस बनाउनुभइ ताकि तिनीहरू बच्चा जन्माउन सकून् ।

- परमेश्वरले गर्नुहुने सबै काम असल हुन्छ ।
- परमेश्वरले गर्नुहुने सबै काम सिद्ध हुन्छ ।
- त्यो यसकारणले हुन्छ किनभने परमेश्वर केवल असल र सिद्ध हुनुहुन्छ ।

- परमेश्वरले कुनै पनि दुष्ट कुरा सोच्न सक्नुहुन्न ।
- परमेश्वरले कुनै पनि दुष्ट कुरा भन्न सक्नुहुन्न ।
- परमेश्वरले कुनै पनि दुष्ट कुरा गर्न सक्नुहुन्न ।

- ठूलो उपहारको रूपमा एउटी स्वास्नी पाएपछि आदम खुशी थिए भनी तपाईं ठान्नुहुन्छ ?
- हो ।

- आदमकी स्वास्नीको नाउँ के थियो ?
- आदमकी स्वास्नीको नाउँ हव्वा थियो ।

आउनुस् उत्पत्ति २:२५ पद पढौं ।

25 त्यो मानिस र तिनकी पत्नी नाङ्गै भएता पनि तिनीहरू लाज मान्दैन थिए।

- आदिमा आदमलाई लाज के हो थाहा थिएन ।
- आदिमा हव्वालाई पनि लाज के हो थाहा थिएन ।

- आदिमा परमेश्वरले आदम र हव्वालाई सिद्ध रूपले सृष्टि गर्नुभयो ।
- आदिमा आदम र हव्वालाई दुष्ट्याइँ के हो थाहा थिएन ।

- आदिमा आदम र हव्वा परमेश्वर सँगसँगै हिँड्थे र धेरै खुशी थिए ।